# नेपाल नागरिक उड्डयन प्राधिकरण
# तेन्जिङ हिलारी विमानस्थल ना.उ.कार्यालय
# लुक्ला सोलुखुम्बु
# कन्फेक्शनरी पसल तथा कार्गो/स्टोर संचालन गर्ने सम्बन्धि बोलपत्र आव्हानको सुचना
## प्रकाशन मिति २०८१।११।१८

तेन्जिङ हिलारी विमानस्थलको प्रस्थान कक्ष (Check In Counter), हेलिप्याड Terminal Building मा भएको कोठामा कन्फेक्शनरी पसल संचालनको लागि र आगमन भवनको भुईतल्ला दक्षिण पट्टिको कोठा र सगैं रहेको जग्गा कार्गो/स्टोर संचालनको लागि बढाबढ प्रक्रियाद्वारा ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले नेपाल सरकारबाट सो सम्बन्धि कारोबार गर्न इजाजत प्राप्त गरेको इच्छुक व्यक्ति/संस्था/फर्म/कम्पनीले निम्न शर्तहरुको अधिनमा रही बोलपत्र फाराम यस कार्यालयमा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ । यो सुचना सम्बन्धि विस्तृत विवरण नेपाल नागरिक उड्डयन प्राधिकरणको वेबसाईट www.caanepal.gov.np मा राखिएको छ। साथै यस सम्बन्धि अन्य कुराहरु बुझ्नु परेमा कार्यालयमा अथवा कार्यालयको फोन नं. ०३८५५०१९७, ०३८५५०२८६ मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।

| सि.नं. | विवरण | ५ वर्षको लागि न्यनतम ठेक्का रकम मु.अ.कर बाहेक | बोलपत्र फाराम दस्तुर मु.अ.कर सहित | बोलपत्र जमानत रकम रु. | ठेक्का अवधि | बोलपत्र खरिद गर्ने अन्तिम मिति | बोलपत्र दाखिला गर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति |
|---|---|---|---|---|---|---|---|---|
| १. | Fixed Wing Terminal Building प्रस्थान कक्ष (Check In Counter) मा कन्फेक्शनरी पसल संचालन गर्ने कार्य । (११.८६) वर्गमिटर) | रु.१८,६०,००० (अठार लाख साठि् हजार मात्र ।) | रु.३,३९० -पछि फिर्ता नहुने गरी) नेपाल नागरिक उड्डयन प्राधिकरणको राष्ट्रिय वाणिज्य बैंकमा रहेको खाता नं. १०९०१०००६४९१७००१ मा बुझाउनु पर्नेछ । | कबोल रकमको ५ (पाँच) प्रतिशत । | ५ (पाँच) वर्ष | सुचना प्रकाशन भएको मितिले १५ दिनको कार्यालय समयभित्र । | सुचना प्रकाशन भएको मितिले १६ दिनको १२ : ०० बजे भित्र । | बोलपत्र दाखिला गर्ने अन्तिम दिनको १४:०० बजे |
| २. | आगमन भवनको भुईतल्ला दक्षिण पट्टिको कोठा र सगैं रहेको खाली जग्गा कार्गो/स्टोर संचालन गर्ने कार्य । (कोठा ३४.४५ व.मि. र जग्गा २१.४९ व.मि.) | रु.९,३०,००० (नौ लाख तीस हजार मात्र । ) | रु.३,३९० -पछि फिर्ता नहुने गरी) नेपाल नागरिक उड्डयन प्राधिकरणको राष्ट्रिय वाणिज्य बैंकमा रहेको खाता नं. १०९०१०००६४९१७००१ मा बुझाउनु पर्नेछ । | कबोल रकमको ५ (पाँच) प्रतिशत । | ५ (पाँच) वर्ष | सुचना प्रकाशन भएको मितिले १५ दिनको कार्यालय समयभित्र । | सुचना प्रकाशन भएको मितिले १६ दिनको १२ : ०० बजे भित्र । | बोलपत्र दाखिला गर्ने अन्तिम दिनको १५:०० बजे |
| ३. | हेलिप्याड (Terminal Building) मा कन्फेक्शनरी पसल संचालन गर्ने कार्य । (४५.५ बर्गमिटर) | रु.१२,६०,००० (बाह्र लाख साठि् हजार मात्र । ) | रु.३,३९० -पछि फिर्ता नहुने गरी) नेपाल नागरिक उड्डयन प्राधिकरणको राष्ट्रिय वाणिज्य बैंकमा रहेको खाता नं. १०९०१०००६४९१७००१ मा बुझाउनु पर्नेछ । | कबोल रकमको ५ (पाँच) प्रतिशत । | ५ (पाँच) वर्ष | सुचना प्रकाशन भएको मितिले १५ दिनको कार्यालय समयभित्र । | सुचना प्रकाशन भएको मितिले १६ दिनको १२ : ०० बजे भित्र । | बोलपत्र दाखिला गर्ने अन्तिम दिनको १६:०० बजे |

१. बोलपत्र फाराम खरिद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो पछिको लगत्तै कार्यालय खुलेको दिन सोहि समय र स्थानमा बोलपत्र फाराम खरिद र दर्ता गरिने छ ।

२. बोलपत्र सम्बन्धि विस्तृत विवरण तथा अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ ।

Tenzing-Hillari Airport Civil Aviation Office

**तेञ्जिङ हिलारी विमानस्थलको प्रस्थान कक्ष (Check In Counter), हेलिप्याड Terminal Building मा भएको कोठामा कन्फेक्शनरी पसल संचालनको लागि र आगमन भवनको भुईतल्ला दक्षिण पट्टिको कोठा र सगैं रहेको खाली जग्गा कार्गो/स्टोर संचालनको लागि ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले नेपाल सरकारबाट सो सम्बन्धि कारोबार गर्न इजाजत प्राप्त गरेको इच्छुक व्यक्ति/संस्था/फर्म/कम्पनीले निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र फाराम पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ**

## शर्तहरू

१. यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्रौ) औं दिनको कार्यालय समयभित्र राष्ट्रिय वाणिज्य बैक, बिशालबजार काठमाँडौमा रहेको **नेपाल नागरिक उड्डयन प्राधिकरणको** खा.नं.**१०९०१०००६४९१७००१** मा मूल्य अभिबद्धि कर समेत रु. ३,३९०/- (तीन हजार तनि सय नब्बे रुपैंया मात्र) दाखिला (पछि फिर्ता नहुने) गरी सोको सक्कल भौचर यस कार्यालयको लेखा/राजश्व शाखामा पेश गरी यस कार्यालयबाट सिलबन्दी दरभाउपत्र फाराम खरिद गर्न सकिने छ।

२. क) **<u>तेञ्जिङ हिलारी विमानस्थलको प्रस्थान कक्ष (Check In Counter)</u>** को कन्फेक्शनरी पसल ठेक्का अवधि सम्झौताको मितिले ५ वर्षको हुनेछ। ५ बर्षको न्यूनतम ठेक्का अंक रु.१८,६०,०००।- (अक्षरेपी अठार लाख साठि हजार मात्र) कायम गरिएको छ। ( मु.अ.कर बाहेक )

ख) **<u>तेञ्जिङ हिलारी विमानस्थलको आगमन भवनको भुईतल्ला दक्षिण पट्टिको कोठा र सगै रहेको खाली जग्गा (कार्गो/स्टोर)को</u>** ठेक्का अवधि सम्झौताको मितिले ५ वर्षको हुनेछ। ५ बर्षको न्यूनतम ठेक्का अंक रु.९,३०,००० (अक्षरेपी नौ लाख तिस हजार मात्र) कायम गरिएको छ। (मु.अ.कर बाहेक)

ग) **<u>तेञ्जिङ हिलारी विमानस्थलको हेलिप्याड (Terminal Building)</u>** को कन्फेक्शनरी पसल ठेक्का अवधि सम्झौताको मितिले ५ वर्षको हुनेछ। ५ बर्षको न्यूनतम ठेक्का अंक रु.१२,६०,०००।- (अक्षरेपी बाह्र लाख साठि हजार मात्र) कायम गरिएको छ। (मु.अ.कर बाहेक)

साथै दोस्रो वर्षदेखि विमानस्थल सेवा शुल्क नियमावली, २०७८ को नियम अनुसार सम्झौतामा तोकिएको रकममा प्रत्येक वर्ष नेपाल राष्ट्र बैंकले निर्धारण गरेको मूल्यबृद्धि सूचकाङ्कको अनुपातमा स्वत: बृद्धि हुनेछ र सोही बमोजिम बोलपत्रदाताले थप भएको समेत बहाल रकम बुझाउनु पर्ने छ।

३. दरभाउ पत्र साथ निम्न कागजात (नवीकरण सहित) VAT/PAN दर्ता प्रमाणपत्रको प्रतिलिपि। आर्थिक वर्ष २०८०।८१ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ल्याउनु पर्ने छ।

४. यस कार्यालयलाई तिर्न बुझाउनु पर्ने बाँकी बक्यौता भएका संस्था/फर्म वा कम्पनी र सो संस्था, फर्म वा कम्पनीको व्यक्ति हिस्सेदार भएको संस्था, फर्म वा कम्पनीले सो बक्यौता फछ्र्यौट गरेको कागजात पत्र बोलपत्र फाराम खरिद गर्नु पूर्व पेश गर्नुपर्ने छ।

५. दरभाउपत्रसाथ आफूले कबोल गरेको बहाल रकमको ५% ले हुने रकम रा.बा.बैंक, लुक्ला शाखामा रहेको यस कार्यालयको धरौटी खा.नं २५८०१००००००३३००१ वा राष्ट्रिय बाणिज्य बैंकबाट जारी भएको बोलपत्र खोलिने मितिबाट कम्तीमा १८० दिन (६ महिना) मान्य अवधि भएको बैङ्क ग्यारेन्टी (*Bid Bond*) पेश गर्नुपर्ने छ।

६. दरभाउपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र खरिद गरी १६ (सोह्रौं) औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा दाखिला गरी सक्नुपर्ने छ।

- **<u>यस विमानस्थलको प्रस्थान कक्ष (Check In Counter)</u>** को कन्फेक्शनरी पसल दाखिला हुन आएका दरभाउपत्रहरु १६ (सोह्रौ) औं दिनको १४:०० बजे सम्बन्धित दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ।
- **<u>विमानस्थलको आगमन भवनको भुईतल्ला दक्षिण पट्टिको कोठा र सगै रहेको खाली जग्गा (कार्गो/स्टोर)को</u>** दाखिला हुन आएका दरभाउपत्रहरु १६ (सोह्रौ) औं दिनको १५:०० बजे सम्बन्धित दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ।
- **<u>विमानस्थलको हेलिप्याड (Terminal Building) को</u>** कन्फेक्शनरी पसल दाखिला हुन आएका दरभाउपत्रहरु १६ (सोह्रौ) औं दिनको १६:०० बजे सम्बन्धित दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ।

दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए तापनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन। दरभाउपत्र खरिद गर्ने तथा दर्ता गरिने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको लगतै कार्यालय खुलेको दिन सोही समयमा दरभाउपत्र खरिद तथा दाखिला गरिने छ।

७. दरभाउपत्रको दररेट भर्दा अंक र अक्षरमा उल्लेख गरिएको हुनुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकम मान्य हुनेछ। केरमेट वा प्रष्टसँग नबुझिने गरी भरिएको दरभाउपत्र फारामलाई मान्यता दिइने छैन।

८. रीत नपुगी वा म्याद नाघी वा शर्त राखी आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

९. प्राप्त हुन आएका बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१०. दरभाउपत्रका अन्य शर्तहरु दरभाउपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

११. यसमा नपरेका अन्य कुराहरु नेपाल नागरिक उड्डयन प्राधिकरण, विमानस्थल सेवा शुल्क नियमावली, २०७८ तथा प्रचलित ऐन, नियमानुसार हुने छ।

१२. यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समयभित्र बुझ्न सकिने छ।

Tenzing-Hillari Airport Civil Aviation Office